७. राक्सिराङ, पालुङ र सौराहा जोड्ने सडक-सञ्जाल विकास सम्भव भए पर्यटन सम्भावनाको मुटु धड्किन थाल्छ। यो मार्ग स्थापनाले छोटो मार्ग भएर मलेखु-मुग्लिनको विकल्प पनि दिन सक्छ । राजनीतिक एजेन्डामा यस्तो 'जोड्ने पूर्वाधार'लाई प्राथमिकता दिन नसकेरै क्षेत्र अविकसित रहिरहेको छ।

८. पर्यटनसँगै कृषि-आधारित उद्योगको सम्भावना पश्चिम मकवानपुरमा विशाल छ। अदुवा, मह, अलैंची, धान्य(वानस्पतिक फसल, पशुपालन तथा मौरी-पालनलाई जोडेर मूल्य-श्रृंखला निर्माण गरिएमा लागुऔषध खेती स्वतः वैकल्पिक आम्दानीमा रूपान्तरण हुन्छ। तर यसको लागि संघ-प्रदेश-स्थानीय सरकारबीच सहकार्यको कानूनी संरचना आवश्यक छ।

९. जलविद्युत् विकास पश्चिम मकवानपुरको दीर्घकालीन भविष्य हो । मनहरी-राक्सिराङ-कैलाश क्षेत्रका खोलाखोल्सामा ५-१० मेगावाटका 'साना-मझौला परियोजना' सम्भव छन्। तर हालको कानूनी जटिलता, लगानी संरचना र स्थानीय लाभ-वितरण अपारदर्शी छ। प्रतिनिधिसभाको प्राथमिक एजेन्डा 'विद्युत् साझेदारी ऐन' संशोधन हुनुपर्छ।

१०. पेट्रोल पम्प, ग्यास स्टेशन जस्ता संरचनागत सुविधाका लागि अब मनहरी, हेटौँडा र चितवनको भर नपरी व्यवस्थित स्थान, सुरक्षा मापदण्ड र परवानी तुरुन्तै उपलब्ध गराउने नीति आवश्यक छ। अहिले स्थानीय वासीले यस्तो सेवा पाउन धेरै दूरी पार गर्नुपर्दा आर्थिक र समय-खर्च दुबै बढ्छ।

११. उच्चशिक्षालय पश्चिम मकवानपुरको अभावको मूल कारण राज्यको उदासीनता र जनप्रतिनिधिको प्राथमिकतामा नपर्ने विषय हो। कृषि, वातावरण, पर्वत-पर्यटन र सहरी-योजनासम्बन्धी विषय पढाइने बहुविषयक क्याम्पस स्थापना पाँच वर्षे योजनाको केन्द्रमा हुनुपर्छ। शिक्षित युवालाई गाउँमै अवसर दिनसके लागुऔषधबाट वैकल्पिक श्रमशक्ति सिर्जना हुन्छ।

१२. कानून निर्माणका दृष्टिले पश्चिम मकवानपुरका प्रतिनिधिले 'संक्रमणकालीन भूअधिकार समाधान कार्यक्रम' संघीय कानूनमार्फत अघि बढाउनैपर्छ। लालपूर्जा समस्याले विकास निर्माण रोकिएको छ, जग्गा विवादले नागरिकलाई असुरक्षित बनाएको छ र निकुञ्ज तथा आरक्षको कठोर व्यवस्थाले स्थानीय जीवन प्रभावित छ।

१३. सामाजिक पुनर्स्थापना कार्यक्रम पनि अपरिहार्य छ। कारागारमा रहेका युवा केवल दोषी मात्र होइनन्, अवसर नपाएको पुस्ताको प्रतिनिधि हुन् । पुनर्वास, तालिम, वैकल्पिक रोजगारी र आर्थिक सहायतासहितको 'दोस्रो मौका' कार्यक्रम लागू गर्न राजनीतिक इच्छाशक्ति चाहिन्छ।

१४. पाँच वर्षपछि पश्चिम मकवानपुर कस्तो हुन सक्छ ? यदि सही नीतिगत हस्तक्षेप भयो भने यो क्षेत्र 'काठमाडौँ-चितवन-हेटौँडा' त्रिकोणको वैकल्पिक आर्थिक गलियारा बन्न सक्छ। कृषि-उद्योग, पर्यटन, जलविद्युत, पेट्रोलियम सेवा तथा उच्चशिक्षाका संयोजनले क्षेत्रीय अर्थतन्त्रलाई रुपान्तरण गर्न सक्छ।

१५. तर यसको लागि प्रतिनिधि 'विकास ठेक्का-राजनीति'भन्दा माथि उठेर क्षेत्रीय भविष्यको संरचना निर्माण गर्ने नेता हुनुपर्छ । पश्चिम मकवानपुर बनाउने योजना केवल सडक र भवनको सूची होइन-भूमि अधिकार, दिगो आर्थिक विकल्प, सुशासन, कानूनी सुधार र सामाजिक पुनर्स्थापनाको पाँच आधारमा टेकेर अघि बढ्नुपर्छ। यही दृष्टिले मतदाताले प्रतिनिधि माग्नुपर्ने छ र प्रतिनिधिले पाँच वर्षमा पश्चिम मकवानपुरलाई सम्भावनाको केन्द्र बनाउने ऐन-कार्ययोजना लागू गर्नुपर्ने छ । *(एआइबाट तयार पारिएको)*

# रोचक....

राजनीति र सामाजिक कार्य गर्दै आएकाले जित्ने दाबी गर्नुहुन्छ।

'म यसै क्षेत्रको स्थानीय हुँ, यहाँका जनताको दुःख र पीडाहरू राम्ररी बुझेको छु,' लामाले भन्नुभयो, 'स्थानीय भौतिक पूर्वाधार विकास, स्वास्थ्य, शिक्षा, पर्यटन विकासको एजेन्डासहित मतदाताको घरघरमा पुगिरहेको छु, जित्छु भन्नेमा ढुक्क छु।'

सुकुम्बासीहरूको समस्या समाधान गर्ने, प्रमुख आयस्रोतका रूपमा भइरहेको गाँजाखेतीलाई वैधानिकता दिलाउने र इन्द्रसरोवरलाई पर्यटकीय क्षेत्रका रूपमा विकास गर्ने एजेन्डालाई प्राथमिकताका साथ अघि बढेको उहाँको भनाइ छ।

यस क्षेत्रमा पर्ने अधिकांश पालिकाहरूमा आफ्नो पार्टीको नेतृत्व रहेको र पार्टीको आन्तरिक समस्या हल भई नयाँ नेतृत्वका साथ पार्टीका नेता तथा कार्यकर्ताहरू एकताबद्ध भएर निर्वाचनमा होमिएकाले चुनाव जित्ने बलियो आधार बनेको उहाँको कथन छ।

नेकपाका उम्मेदवार बिष्टले आफू थाहा नगर पालिकाको प्रमुख भएका बेला नगर क्षेत्रभित्र गरेको लोभलाग्दो विकास, सुशासन र पारदर्शिता प्रवर्द्धनमा खेलेको भूमिकालाई सबैले देखेकाले मतदाताले मत दिनेमा विश्वास्त रहेको दाबी गर्नुहुन्छ।

'म नगरप्रमुख भएका बेला सबै पक्षलाई समेटिएर नगर क्षेत्रभित्र लोभलाग्दो उदारहरणीय कामहरू गरेको छु, कुनै कसैलाई काखापाखा नगरी काम गरेको छु, त्यसैले यस पटक मतदाताले मलाई भोट दिएर प्रतिनिधि सभामा पठाउँछ,' नेकपाका उम्मेदवार बिष्टले भन्नुभयो, 'यस क्षेत्रमा पार्टी सफङ्गठनको पनि मजबुत अवस्था, मैले गरेको काम र पार्टीप्रति पछिल्लो समय बढेको आकर्षणलगायतका कारणले म चुनाव जित्छु।'

शहीदको बलिदानीबाट प्राप्त भएका उपलब्धिको रक्षा गर्नु प्रमुख आवश्यकता भएकाले मतदाताहरू सचेत भई आफ्नो पार्टीलाई मत दिने उहाँको कथन छ।

यो क्षेत्रमा पार्टीको सफङ्गठित आधार बलियो नभए पनि पुराना पार्टी र पुराना नेताहरूबाट आम नागरिक हैरान भइसकेको अवस्थामा अहिलेको अवस्थामा मतदाताले परिवर्तन र नयाँ अनुहार, युवा अनुहार खोजिरहेकाले यस पटक आफूले जित्ने रास्वपाका उम्मेदवार प्रशान्त उप्रेती बताउनुहुन्छ।

'हाम्रो पार्टी जेनजी आन्दोलनको म्यान्डेडअनुसार मुलुकमा सुशासन, समुन्नति र समृद्धिको एजेन्डा लिएर चुनावी मैदानमा होमिएको छ,' उप्रेतीले भन्नुभयो, 'अहिले पार्टीको एजेन्डासहित जनमुखी नीति र स्थानीय विकासका एजेन्डाहरू बोकेर मतदाताहरूको बीचमा पुगिरहेको छु, मतदाता आकर्षण बढ्ेको छ, त्यसैले मत दिन्छ, चुनाव जित्छु।'

# रामेश्वर रानालाई ५ प्रश्न



रामेश्वर राना, उम्मेदवार
मकवानपुर-१, नेकपा एमाले

*मकवानपुरको प्रतिनिधिसभा निर्वाचन क्षेत्र नम्बर-१ मा आगामी निर्वाचनलाई लिएर राजनीतिक सरगर्मी बढ्दो छ । यही सन्दर्भमा नेकपा एमालेका तर्फबाट उम्मेदवार बनेका राजनीतिज्ञ रामेश्वर रानासँग हामीले समसामयिक राजनीति, निर्वाचनमा पुनः सक्रिय हुने निर्णय, विकासका प्राथमिकता, हेटौँडा बजारभित्रको पूर्वाधार विकास निर्माण र एमालेप्रति आमनागरिकको धारणालगायतका विषयमा केन्द्रित भएर विस्तृत कुराकानी गरेका छौँ । जिल्ला विकास समिति, मकवानपुरका सभापति रहँदै दुर्गम क्षेत्रमा सडक विस्तार, दीर्घकालीन योजना निर्माण र संगठनात्मक जिम्मेवारीमा लामो समय सक्रिय राना २०६४ सालको संविधानसभा निर्वाचनपछि प्रत्यक्ष चुनावी प्रतिस्पर्धाबाट टाढा थिए । करिब १८ वर्षपछि पुनः प्रतिनिधिसभा निर्वाचनमा उम्मेदवार बनेका उनी शालीन, स्वच्छ छवि भएका नेताका रूपमा चिनिन्छन् । यस अन्तर्वार्तामा रानाले आफ्नो राजनीतिक यात्राको अनुभव, उम्मेदवारीको कारण, मकवानपुर-१ को विकास दृष्टिकोण, हेटौँडा केन्द्रित समस्या र नेकपा एमालेप्रति जनमानसमा देखिएको धारणालगायत विषयमा खुलेर दृष्टिकोण प्रस्तुत गरेका छन् ।* ***पत्रकार निशा गुरुङ****ले रानासँग गरेको अन्तर्वार्ताको सम्पादित अंशः*

**तपाईंले संविधानसभा चुनाव लडेको १८ वर्षपछि पुनः प्रतिनिधिसभा चुनावमा उठ्ने निर्णय लिनु भएको छ । फेरि जनताको परीक्षामा जान खोज्नुको मुख्य कारण के हो ?**

यो बीचमा म निरन्तर पार्टीको जिम्मेवारीमा रहेँ। पार्टीको मकवानपुर अध्यक्ष र केन्द्रीय सदस्यको हैसियतमा समाज रुपान्तरणको काममा निरन्तर लागिरहेँ । यो पटक पार्टीको निर्णयअनुसार नै म प्रतिनिधिसभा निर्वाचन क्षेत्र नम्बर-१ को नेकपा एमालेको उम्मेदवार छु । अहिलेको परिस्थतिमा हाम्रो स्वाधीनता, हाम्रो भौगोगिक अखण्डता र हाम्रो राष्ट्रियता माथि गम्भीर प्रश्न खडा गराइरहेको यस परिस्थितिमा हाम्रो यी पक्षहरुको रक्षाको निम्ति मेरो उम्मेदवारी हो । र, सँगै हामीले रगतसँगै साटेर ल्याएको संविधान र रगतसँग साटेर ल्याएको संघीय लोकतान्त्रिक गणतन्त्र रक्षाका लागि मेरो उम्मेदवारी हो।

**तपाईंले चुनावी प्रतिस्पर्धामा यसपटक आफ्नो मुख्य प्रतिस्पर्धीको रुपमा कसलाई हेर्नु भएको छ ?**

मुख्य प्रतिस्पर्धीका रुपमा मैले कुनै दल विशेषलाई भन्दा पनि प्रतिस्पर्धाको रुपमा एउटा दृष्टिकोणको आधारमा भिजिनरी हिसाबले हामीले समृद्ध नेपाल सुखी नेपाली बनाउने गन्तव्यमा हामी छौँ । यो गन्तव्यमा हामी दृढ छौँ । र, अन्य राजनीतिक पार्टीहरुसँग म आग्रह गर्न चाहन्छु, लोकतान्त्रिक मूल्य र मान्यताको आधारमा समृद्ध नेपाल बनाउने एउटा कानूनी अड्चनलाई स्थापित गर्ने, राज्यलाई आमजनताको पक्षमा लोककल्याणकारी राज्यको अबधारणाअनुसार जनताको पक्षमा दृढतापूर्वक उभ्याउने, जनतालाई सबै अवसरमा सहभागी गराउने यही आधारमा समृद्ध नेपाल शुखी नेपाली बनाउने कुरामा नेकपा एमाले दृढ छ।

मेरो उम्मेदवारी त्यसका लागि हो। त्यसकारण लोकतान्त्रिक मूल्य र मान्यताको आधारमा राजनीतिक दृष्टिकोणको आधारमा मकवानपुरको समृद्धिका लागि आफ्नो विचार राखेर अगाडि बढौँ । यही क्रममा मैले यही दल भन्दा पनि नेकपा एमालेको घोषणापत्र, दृष्टिकोण, जिल्लाको निर्वाचन क्षेत्रको प्रतिवद्धता पत्र राखेर अगाडि बढिरहेको छु। र, म विश्वासका साथ भन्न चाहन्छु। आमनिर्वाचन क्षेत्र नम्बर १ का मतदाताले निर्वाचित गराउनुहुनेछ भन्नेमा म पूर्णरुपमा विश्वस्त छु।

**जिविस सभापति हुँदा तपाईंले मकवानपुरका दुर्गम क्षेत्रमा सडक विस्तार र दीर्घकालीन गुरुयोजना तयार गरेको चर्चा हुन्छ । यदि यसपटक निर्वाचित हुनुभयो भने मकवानपुर-१ का लागि गर्न सकिने विकासका योजना के छन् ?**

प्रतिनिधिसभाको सदस्यको हैसियतले कानूनको निर्माणको भूमिका हो। एउटा ल मेकरको हैसियतले, तर पनि आफ्नो प्रतिनिधिबाट सबै सरोकारको विषयमा नेतृत्व गरियोस् भन्ने जनताको अपेक्षा हुन्छ। खासगरी १ नम्बर निर्वाचन क्षेत्रको मुख्य सहरी क्षेत्रमा भविष्यको एउटा समृद्ध सहरको रुपमा हामीले वृहत्तर विकासको निम्ति हेटौँडाको सम्भावनाको विषयमा सरोकार निकायहरुसँग छलफल गरेर काम गर्नेछौँ। यहाँको आर्थिक, सामाजिक, पर्यटकीय र नवयुवाको लक्षित हिसाबले एउटा सम्भावनाको सहरमा युवाको क्षमता ज्ञानको आधारमा प्रस्फुट गरेर उहाँहरुलाई समृद्ध नेपाल बनाउने अभियानमा जोड्ने हिसाबले हामी लाग्नेछौँ।

त्यसैगरी ग्रामीण भेगमा मदन भण्डारी राजमार्ग चुरेको उत्तरी क्षेत्रबाट गएको छ। त्यसले पनि धेरै सहज बनाएको छ। १ नम्बर क्षेत्रका नागरिकका लागि जस्तो त्यहाँ बागमतीका भित्री गाउँका कुटिभकारी जस्ता गाउँमा सडक बिस्तार भएको छैन। त्यहाँ आवागमनमा धेरै समस्या छ। त्यस ठाउँमा स्वास्थ्य उपचारको समुचित प्रबन्धको लागि बाटाघाटाको व्यवस्थित र स्तरीकरण गर्न चुरे क्षेत्रबाट खहरेलगायतका समस्याका कारणले गर्दाखेरी त्यहाँको उर्बर जमिनहरु क्रमश विनाश हुँदै गएको जुन जटिलताहरु छन्। यी सबै कुराहरुलाई ध्यानमा राखेर स्वास्थ्य, शिक्षा र अन्य आर्थिक अवसरहरु सिर्जना गर्ने लगायतका कामहरुको एकिकृत विकासहरुमा मेरो जोड रहने छ।

**हेटौँडा बजार भत्किँदा दल र नेताहरु मौन देखिँदा मतदाताले तपाईंहरुको विकासमा स्पष्ट धारणा खोजिरहेका छन् नि ?**

हेटौँडाको सन्दर्भमा हामीले हिजोदेखि नै कुरा राखेका छौँ । यहाँको सरोकारवाला पक्ष र आम हेटौँडाबासीहरु पीडितको साथमा उहाँहरुको कुराहरु हामीले सुन्यौँ । यो सन्दर्भका उहाँहरुले नियमअनुसार पाउनुपर्ने हक स्थापित हुनुपर्छ भन्ने हाम्रो पार्टीको मान्यता हो। जनताले पाउनुपर्ने उहाँहरुको हक व्यवस्था गरेर यसलाई चौडा गर्नेलगायतको कामलाई अगाडि बढाउनुपर्छ भन्ने हाम्रो मान्यता हो । आज जुन परिस्थितिमा यसलाई पुनर्निर्माण गर्ने र जनताको हकलाई स्थापित नगर्ने काम भयो। यो बास्तवमा हेटौँडालाई खण्डहरको रुपमा परिणत गर्ने काम भयो । यो बेठिक भएको छ। म के भन्न चाहन्छु भने हाम्रो अडान हिजो जुन थियो, यथावत छ । यहाँको पीडितहरुको अधिकार स्थापित हुनुपर्दछ। उहाँहरुको कानूनअनुसार दिनुपर्ने अधिकार दिएर तत्काल पुनर्निर्माण कार्य अगाडि बढाउनुपर्छ। हेटौँडालाई यहाँको जनताको सहभागितामा हसमुख ढंगले हाम्रो हेटौँडा निर्माण गर्ने भन्ने सहभागिता गराउन सक्यौँ भने मात्रै समृद्ध मकवानपुर बनाउन सक्छौँ। जनतालाई बिल्लीबाठ बनाउनु ठिक होइन र सरकारका तर्फबाट गर्नुपर्ने आवश्यक व्यवस्था र यहाँको नगरबासीहरुको हकमा उहाँहरुको हक स्थापित गर्ने ठाउँमा उहाँहरुले पाउनुपर्छ भन्न चाहन्छु।

**शालीन, 'बेदाग' छविका नेताका रुपमा चिनिनुहुन्छ । तर, जेन्जी आन्दोलनपछि नेकपा एमालेप्रति नागरिक असन्तुष्ट सुनिएका छन् । मकवानपुरका मतदाताको विश्वास जित्न कसरी सक्नुहुन्छ ?**

हार्दिक आग्रह गर्न चाहन्छु। नेकपा एमाले निरन्तर रुपमा ६ सालमा नेपाल कम्युष्टि पार्टीको रुपमा स्थापना भइसकेपछि नागरिक अधिकारमा निम्ति हामी लडिरहेका छौँ । अघिल्लो पुस्ताले यसको नेतृत्व गर्नुभयो । आज हामी नाति पुस्ता नातिना पुस्ता निरन्तर क्रियाशील छौँ । तसर्थ म के आग्रह गर्न चाहन्छु भने जनताले हामीलाई प्रश्न राख्नुभयो भने त्यसको उत्तर दिनेछौँ । तर, यहाँको प्रश्नमा म के निवेदन गर्न चाहन्छौँ भने नेपाली जनता नेकपा एमालेले मुलुक बनाउने, समाज रुपान्तर गर्ने, सामाजिक न्यायसहितको आर्थिक समाजिक रुपान्तरणमा समाजलाई अगाडि बढाउने, असल मूल्य र मान्यताको स्थापित गर्ने र नयाँ मूल्य र मान्यताको स्थापना गर्ने अभियानमा नेकपा एमाले लागिरहेको छ। नेकपा एमालेप्रति आम जनताको आस्था छ। आशाका साथ हामीलाई हेरिरहनु भएको छ। त्यसकारण म विनम्रका साथ आग्रह गर्न चाहन्छु। आमजनताको आक्रोश होइन, नेकपा एमालेप्रति आम जनताको विश्वास बढिरहेको छ। र, यसका निम्ति म विश्वासको साथ भन्न चाहन्छु। म आमजनताको विश्वासमा कहिले पनि तुसारापात हुन दिनेछैन। म प्रतिबद्धताका साथ जनताको हितमा लागिरहने छु। नेकपा एमाले लागिरहने छ। र, निर्वाचित भइसकेपछि जनताको प्रश्नको सही उत्तर दिन हामी प्रतिबद्ध रहनेछौँ भन्ने विश्वास प्रकट गर्न चाहन्छु।

## साताको साहित्य

# जिन्दगीका जोल्टिङहरूमा

(गोविन्द पौडेल पश्चिम मकवानपुरको मनहरीमा प्राध्यापन पेशामा भविष्य खोज्छन्, अशल अभिभावक, शिक्षाविद्, समाजसेवी र प्राध्यापक हुन्, हेटौंमा हुँदा हुन् त उनको क्षमता र लेखनीको चर्चा हुन्थ्यो, मनहरीमा चियाको वाफमा यस्तो चेतना जन्मिसकेको छैन, सिस्नुपानी मकवानपुरका उपाध्यक्ष भएका पौडेलको कृति पनि प्रकाशित छ, यसपटक उनको कविता प्रस्तुत गरेका छौं)



-गोविन्द पौडेल

कुनै बेला त्यही डिजाइनको अर्को कलर चाहिन्छ
फेरि कहिलेकहीँ त्यही कलरको अर्को डिजाइन चाहिन्छ
मान्छेको मन र मौसम सम्हाल्न सकिँदैन
लोती खुस्केको तराजुमा पनि जाखिन्छ
भूइँको टिप्न खोजे पोल्टाको पोखिन्छ

जिन्दगी त समयको ठेकीभित्र मदानी जस्तो लाग्छ
रहरको मलामीसँग उडीहिँड्ने खरानी जस्तो लाग्छ
सरकारी स्कुलमा विषय लागेर कक्षा चढेजस्तो
नेपाली मिडियममा अ□ङ्ग्रेजी पढेजस्तो
देख्दा स्वादिलो छ, चाख्दा खल्लो छ

आदरणीय महानुभाव, जिन्दगीका जोल्टि□ङहरू
हेर्दा फराकिलो, छाम्दा डल्लो छ
राजमार्ग हो मान्छेको जिन्दगी
जोल्टि□ङ आउँछ, मोड आउँछ
गणितको एक खण्ड हो जिन्दगी
घटाउ आउँछ, जोड आउँछ
कतै भत्केको घरको खामा बन्नुपर्छ
आफ्नै प्रेमिकाको छोराको मामा बन्नुपर्छ

धर्तीमा जुनतारा झारिदिनु पर्छ
कतै जितेर पनि हारिदिनु पर्छ
यता चोरबाटो हुन्छ, उता गेट हुन्छ
जिन्दगीको यस्तै जोल्टि□ङतिर
पात्र(कुपात्र भेट हुन्छ
एउटा भ्रष्टाचारीले अर्को भ्रष्टाचारीलाई
□□□भ्रष्टाचारीह□ भनेको सुन्नुपर्छ
एउटा दलालीले अर्को दलालीलाई
□□□विदेशी दलालह□ भन्दै गरेको देख्नुपर्छ

लाग्छ कानहरूमा ठेडी कोचिदिऊँ
लाग्छ आँखाहरूमा किला घोचिदिऊँ
उड्न खोजे जीवन जहाज हुस्सुले ढाकिन्छ
मासुको तलतल लाग्या दिन घिरौंलामा जाकिन्छ
ब्यालेन्स भएको बखत नेटवर्क हुँदैन
नेटवर्क भको बखत ब्यालेन्स हुँदैन
दुवै भको बखत ब्याट्रीको चार्ज हुँदैन

यो जिन्दगीको □घ्याम्पो पनि अचम्मको छ
जाँड मिले छोक्रा मिल्दैन
छोक्रा मिले जाँड मिल्दैन
जिन्दगी त मागेर लगाएको लुगाजस्तै रहेछ
जा□ङ मिले कम्मर मिल्दैन
कुम मिले ढाड मिल्दैन

जिन्दगीको जोल्टि□ङमा
बेइमानको बाहन बजारिँदा
मानवता थेच्चिएको छ
विश्वास भन्ने कुनै जिनिस
शब्दकोशमा मात्र खुम्चिएको छ

भोलि दिन्छु भनेर लैजाने साथीले
पैसा फिर्ता दियो त ?
परेको बेला सम्झनु है भन्ने आफन्तले
तपाईंको दु:खव्यथा सियो त ?
राजा बनाउँछु भन्नेहरूले
गणतन्त्रको धुपौरे बनाइदिए
लाहुरे बनाइदिन्छु भन्नेहरूले
चाउरे बनाइदिए

सुरुवालको सपना देखाएर
इजारमा अड्काइदिन्छन्
एउटा हातले आँखा छोपेर
अर्कोले गाला पड्काइदिन्छन्
कसरी कसरी यो समयले सम्बन्ध गिँडिराह□छ
तिमी बिना बाँच्दिनँ भन्नेले पनि
काखमा छोरो बोकेर यही बाटो हिँडिराह□छ

जीवन मार्गको दृष्यभित्र कतै साँघुरो कतै चौडाहरूमा
फेरि सल्लाहकार र शुभचिन्तक भेटिन्छन् गौंडाहरूमा
चिन्न गाह्रो छ, भानुभक्त र घाँसीहरू
निशुल्क ज्ञान थमाउँछन् सहयोगका सुकुम्बासीहरू
नैतिकताका घुम्तीहरू: नरेटौं भन्दा पनि रेटिन्छ
जिन्दगीका जक्सनहरूमा: नभेटौं भन्दा पनि भेटिन्छ
बेहुलाभन्दा बरिष्ठ छन् डोलेनाथ
भोलेनाथ भन्दा महान् छन् झोलेनाथ

एउटा आउँछ दलको नर्मल झोले
अर्को आउँछ झोलाबहादुर प्रो
फेरि अर्को आउँछ झोले प्रो म्याक्स
व्यापार राम्रै छ न अडिट न ट्याक्स
जिन्दगी विन्दास, जय झोले प्रो म्याक्स
आफ्नै बुद्धिको दुरूपयोग गर्ने जिउँदा शालिकहरू
बौद्धिकतामा अपा□ङग, नैतिकतामा अशक्त हुन्
हनुमानको बिल्ला भिराएर हनुमानकै अपमान नगरौं
उनी त सत्यवादी रामचन्द्रका भक्त हुन्

जिन्दगीका जोल्टिहरूमा
हर्दम आफैंतिर पनि प्रश्न तेर्सिन्छ
निभेको अगुल्टो किन तापिस् ?
नकचराहरूको खोइरो खनेर
नाप्न चाहिँ के नापिस् ?


## हामीलाई सम्झनुहोस्

पश्चिम मकवानपुरको कैलाश, राक्सिराङ, मनहरीमा घर जग्गा किनबेच गर्नु परेमा अथवा साटफेर गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
सम्पर्क: ९७६३७ ७९१५२

## विज्ञापन गर्नु परेमा

रेडियो, पत्रिका, अनलाइन, टेलिभिजन, युट्युब च्यानलमा विज्ञापन गर्नु परेमा अथवा आफ्नो व्यवसायको प्रमोसनल रिल बनाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सम्पर्क: ९७६३७ ७९१५२

विशेष पोष्ट
www.bisheshpost.com हरेक समाचार विशेष

पश्चिम मकवानपुरबाट प्रसारण हुने मनहरी एफ.एम. १०४.३ मेगाहर्ज नियमित सुन्ने गरौं । समाचार र विज्ञापनका लागि सम्पर्क:
९८५५०६८८६६

बागीभूगोल साप्ताहिक तपाईंको घरमा आइपुग्यो ?
आइपुगेको छैन भने सम्पर्क गर्नुहोस् । यस्तै, समाचार, सूचना र विज्ञापनका लागि सम्झनुहोस् । सम्पर्क: ९८५५० ६८२७७,९८५५० ६८१६८, ९७६३७ ७९१५२, ९८०२० ७५८५३

## झोलामा प्रिन्ट गर्नु छ ?

अफिस, कार्यालय, पसलका लागि आवश्यकता अनुसारका विभिन्न आकारका प्रिन्टेड झोला चाहिएमा हामीलाई सम्झनुहोला । हामी तपाईंको रोजाइका रंगका झोलामा तपाईंकै अफिस, कम्पनी, पसलको सन्देशात्मक विवरण र लोगो राखेर प्रिन्ट गरेर सुपथ मूल्यमा उपलब्ध गराउनेछौं ।




सम्पर्क: ९७६३७७९१५२, ९८५५०८८३५४, ९८०२०७५८५३

## मनहरीदेखि काठमाडौं जान र आउन हामीलाई सम्झनुहोस्



पश्चिम मकवानपुरको लोथर, नयाँ रमौली-प्रतापुर, रमनटार, बिजौना मनहरी हुँदै रजैया, हाँडीखोला, डिल्लीपुर , गोलघर, भुन्ढुङटाँडी, मसिने, नेवार पानी, हेटौंडा हुँदै काठमाडौं पुग्न र काठमाडौंबाट दिउँसो नै फर्कनका लागि हामीलाई सम्झनुहोस् ।

सम्पर्क:
९८४५३६९९७१ (थापा काजी), ९८६५०१३४२८ (मनोज नेपाल)

## फिफोर होटेल

## हामीलाई सम्झनुहोस्



सुन्दर चैनपुर, पश्चिम मकवानपुरको राक्सिराङ गाउँपालिकाको केन्द्र चैनपुर बजार । र, चैनपुरमा छ फिफोर होटेल एण्ड लज । खाना खान, बस्न, गोष्ठी, तालिम हलसहितको सुविधासम्पन्न होटल एण्ड लज । राक्सिराङ जाँदा कहाँ सुत्ने ? के खाने भनेर चिन्ता गर्नै पर्दैन । दैनिक ३० जनासम्म बसेर कार्यक्रम आयोजना गर्दै हुनुहुन्छ भने पनि

प्रो. बिरोध थिङ (बुद्धि)
सम्पर्क: ९७४८४ ६२०४२
९७००५ ५६२०९ (मेनेजर)



# फागुन २५ गतेदेखि दोस्रो वृहत् खेलकुद, कृषि तथा पर्यटन महोत्सव




**८० लाख रूपैयाँ खर्च, ४ सय व्यावसायिक स्टल, खेल, व्यापार, कृषि र पर्यटनलाई एउटै थलोमा जोड्ने उद्देश्य–राजकुमार मुक्तान, अध्यक्ष**

**बागीभूगोल संवाददाता**
**हेटौँडा ।**

हेटौँडामा फागुन २५ गतेदेखि चैत १४ गतेसम्म 'दोस्रो वृहत् खेलकुद, कृषि तथा पर्यटन महोत्सव' हुने भएको छ। महोत्सव वडा नम्बर १० टिसिएन चौरमा हुने मकवानपुर जिल्ला खेलकुद विकास समितिले जनाएको छ।

महोत्सवबाट संकलन भएको रकमले जेन्जी आन्दोलनक्रममा भएको भौतिक क्षति पुनःस्थापना तथा खेलकुद सामग्री खरिद गरिने अध्यक्ष राजकुमार मुक्तानले बताए।

'मकवानपुर जिल्ला खेलकुद विकास समितिको भवन निर्माण र खेल सामग्री खरिदका लागि महोत्सवको आम्दानी खर्च हुनेछ,' उनले भने, 'यसका लागि वृहत् खेलकुद कृषि पर्यटन तथा व्यापार महोत्सव-२०८२ आयोजनामा जुटेका छौं।'

महोत्सव सञ्चालनमा ८० लाख रुपैयाँ खर्च हुने बताइएको छ। ४ सय व्यावसायिक स्टल रहने महोत्सवमा खेल, व्यापार, कृषि र पर्यटनलाई एउटै थलोमा जोड्ने उद्देश्य राखिएको अध्यक्ष मुक्तानले बताए।

महोत्सवमा राष्ट्रिय महिला भलिबल, राष्ट्रिय तेक्वान्दो, जिल्लास्तरीय पुरुष भलिबल, ब्याडमिन्टन, कराँते प्रतियोगिता, १० किलोमिटर महिला र पुरुष दौड प्रतियोगिता तथा विभिन्न जातजातिका सांस्कृतिक झाँकी प्रदर्शन गरिने छ।

महोत्सव भएकाले दैनिक राष्ट्रिय तथा स्थानीय कलाकारबाट सांगीतिक प्रस्तुति हुने अध्यक्ष मुक्तानले बताए। महोत्सवमा १० उत्कृष्ट खेलाडीलाई जनही २५ हजार नगद पुरस्कारसहित सम्मान गरिने बताइएको छ।

## राक्सिराङमा..

उनले राक्सिराङको वडा नम्बर १, २ र ३ मा भेटघाट गरेका हुन् । प्रतिनिधि सभामा समानुपातिक उम्मेदवार मेम्बर लो, संविधान सभा सदस्य गोविन्द-राम चेपाङसहित पुगेका बर्तौलालाई विभिन्न वडामा मतदाताले स्वागत गरेका थिए।

उनलाई नेकपा एमाले जिल्ला कमिटी सदस्य बाबुलाल स्याङ्तान, राक्सिराङ गाउँपालिका कमिटी अध्यक्ष सिंहलाल रुम्बा, वडा नम्बर ३ का वडाध्यक्ष उत्तम वाइबालगायतले स्वागत गरेका थिए।

मतदाता भेटघाट कार्यक्रममा उम्मेदवार बर्तौलाले आफू कानून निर्माणमा सरिक भएर पश्चिम मकवानपुरको समस्या समाधानमा पनि लाग्ने वाचा गरेका थिए। उनले राक्सिराङलाई सडक सञ्जालसँग जोड्न आवश्यक पुलहरु निर्माणका लागि पनि पहल गर्ने बताए।

राक्सिराङका विभिन्न वडा पुगेर उम्मेदवार बर्तौलाले मतदातासँग भेटघाट र अन्तरक्रिया गरेका छन् । फरक फरक भूगोल भएको राक्सिराङका अधिकांश वडामा बर्तौलाले भेटघाट सकेका छन् । उनले राक्सिराङको खरखण्डेमा पुल निर्माणको विषयलाई पनि प्राथमिकतामा पारेका छन् । '२८ महिनामै प्रतिनिधि सभा विघटन भयो, बाँकी काम गर्न भ्याइएन,' उनले भनेका छन्, 'कानून निर्माणसँगै विकास निर्माणका कामहरु क्रमागत रहँदा निर्वाचनमा होमिन फेरि मतदाता कहाँ आएको छु र यहाँहरुको भरोसा गरेको छु ।'

**यसो गर्नुस् है !**

बागीभूगोल साप्ताहिक र www.jyarlak.com मा प्रकाशित समाचार, लेख या विज्ञापन तथा कुनै पनि सामग्रीबारे कोही कसैले सरोकारित पक्षलाई भेट, फोन, एसएमएस, इमेल वा कुनै पनि माध्यमबाट चासो राख्ने, नचाहिँदो विषय उठान गरेर नकारात्मक दर्शाउने गरे यो पत्रकार आचारसंहिताविरुद्ध हुने र कारबाही भोगीको विषय भएकाले यदि कोही कसैले यस्तो महसुस गर्नु भएको छ भने हामीलाई तथ्यसहित खबर गरिदिनुहोला । हामी आवश्यक कारबाहीको प्रक्रिया अगाडि बढाउने छौं । मर्यादित पत्रकारिता गरौँ । पत्रकारितामा दलाली नगरौँ, दलालीमा पत्रकारिता नजोडौँ ।

तपाई हेटौँडामा १०० रूपैयामै खाना खाने ठाउँ खोजिरहनुभएको छ ?
भट्टी चुलो छँदै छ नि ।
भट्टी CHULO
DRINKS ON MRP
यहाँ कैजीमा सेकुवा, बोकाको मासुको परिकार, माछा टिंडो, भट्टी सेकुवा लगायतका परिकारहरू हरूपनि पाइन्छ ।
भट्टी चुलो, हेटौँडा-०४ हुप्रचौर
९७४५३२१७०७

Lic. No. 953/067/068
Regd. No. 73667/066/067
Raj Bhattarai
Executive Director
Mob: +977 9851067171
PERFECT RECRUITING SERVICE PVT. LTD.
(Overseas Employment Consultant)
Prayas Nagar, Tokha-7, Kathmandu, Nepal
+977-1-4950764, 4987640
+977-1-4960220
perfect.recruiting@gmail.com
www.perfectrecruitings.com

सडक डिभिजन हेटौँडाको अनुरोध
- सडक हाम्रो राष्ट्रिय सम्पत्ति हो, यसको सबैले संरक्षण गरौं।
- सडक सीमाको अतिक्रमण अपराध हो, यस्तो क्रियाकलापले दण्डको भागी बनाउँछ।
- जथाभावी सडकमा सवारी साधन पार्क नगरौं, दुर्घटनाबाट बचौं र बचाऔं।
- सडक तथा सडक पेटीमा आफ्ना निर्माणजन्य सामग्री व्यापारिक तथा व्यवसायिक सामग्री नराखौं।
- सडक तथा सार्वजनिक स्थलमा सुर्तीजन्य पदार्थ सेवा नगरौं।
- सडकपेटी अतिक्रमण नगरौं।
सडक डिभिजन कार्यालय,
हेटौँडा, मकवानपुर ।

हाम्रो दाजुभाइ फ्रेस मिट सप
हेटौँडा-४, शितलमहल चोक ९८१५५२४८४७/९७०२०२३३०३
यहाँ बंगुर, कुखुराको ताजा तथा सफा मासु होलसेल मुल्यमा पाउनुका साथै होम डेलिभरी पनि गरिन्छ ।
सान्ता एग्रो फार्म प्रा. लिमिटेड हेटौँडा-१२
९८०२९६९१४८ यहाँ बंगुरको बच्चा र कुखुराको चल्ला पाईन्छ ।

यहाँ बिभिन्न किमिका कृषि प्रविधि सम्बन्धि सामग्री तथा बिशेष गरि हाते ट्याक्टरको सम्पुर्ण पार्टपुर्जा पाउनुको साथै तथा सबै किसिमको मेसिनहरुको मर्मत गरिन्छ।
प्रोपाइटरः सुनिल कु. मोक्तान
मनहरी कृषि प्रविधी सप्लायर्स
मनहरी-०७ रोटरी मार्केट, मकवानपुर।
९७४८६१४६८, ९८४५६०५०२०

निको अस्पताल प्रा. लि.
तमु फार्मेसी
पुरानो मकवानपुर रोड
पिपलबोट संगमचोक जाने रोडको
आफ्नै भवनमा सरेको छ।
सम्पर्क नं. ०५७-५९१४२७
मोवाईल नं. ९८५५०६८७३७

50% OFF ROOMS THIS THIS WINTER SEASON!
सम्पर्कः
९८०२५३२३६८
०५७-५२३८७७
०५७-५२६११९
HOTEL SURYANSH
Hetauda-10, T.C.N Road
OUR FACILITIES :
- Luxury Room
- Beautyful View
- Healthy Food's
- Parking
- Restaurant & Bar
- Budget Friendly
THE BEST WAY TO ENJOY YOUR HOLIDAY

हाम्रा सुविधाहरु
हरेक कोठामा एटेज बाथरुम।
फ्रि वाईफाई, पार्किङ, सामान राख्ने सुविधा साथै सफा र पारिवारिक वातावरण, पिकअपको व्यवस्था साथै खाना र बस्नको व्यवस्था।
न्यू पाथिभरा गेस्ट हाउस
NEW PATHIBHARA GUEST HOUSE
सम्पर्कः ९७०४५९३०५
ठेगानाः. हेटौँडा-१० टि.सि.एन. रोड

सपना जस्तै दृश्य अब स्पष्ट नजरले देख्नुहोस्
सम्पूर्ण आँखाको परीक्षण, लेन्स सनग्लास सबै एकै ठाउँमा
EYE OPTIC
BEST PLACE FOR BEST VISION
Pro. Sudip Thakuri Since:2065
९८५५०७२४३९
हेटौँडा-१० टि.सि.एन. रोड
आँखा हस्पिटल अगाडी
९८४५०११८३९
हेटौँडा-४ स्कुल रोड
मकवानपुर सहकारी भवन

२०८२ फागुन ३ गते आइतबार
जि.प्र.का.मकवानपुर दर्ता नं. १५२/२०८२/८३
www.jyarlak.com

# निर्वाचन तयारीः पुराना मतपेटिका मर्मत, चुस्त सुरक्षा व्यवस्था

**बागीभूगोल संवाददाता**
**हेटौँडा ।**

मकवानपुरमा फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्ष्य गर्दै तयारी तीव्र पारिएको छ। प्रदेश निर्वाचन कार्यालय हेटौँडाले विगतका निर्वाचनमा प्रयोग भएका मतपेटिकालाई पुनः प्रयोगमा ल्याउने प्रदेश निर्वाचन अधिकारी हरिप्रसाद ढकालले जानकारी दिए। उनका अनुसार मतपेटिका सफाइ, मर्मत तथा प्राविधिक परीक्षणको कार्यलाई अन्तिम चरणमा पुऱ्याइएको छ।

प्रदेश निर्वाचन कार्यालय परिसरमा कर्मचारीहरू पुराना मतपेटिका धुने, सुकाउने, आवश्यक भाग मर्मत गर्ने तथा ताला-सिल परीक्षण गर्ने कार्यमा व्यस्त भएको निर्वाचन अधिकारी ढकालले जनाए। ढकालका अनुसार स्रोतसाधनको अधिकतम सदुपयोग गर्दै खर्च व्यवस्थापनलाई ध्यानमा राखी पुनः प्रयोगयोग्य सामग्रीलाई प्राथमिकता दिइएको हो। 'सरकारी स्रोतको मितव्ययी उपयोग हाम्रो दायित्व हो,' उनले भने, 'प्राविधिक रूपमा उपयुक्त रहेका मतपेटिका पुनः प्रयोग गर्दा लागत घट्नेमात्र होइन, वातावरणीय हिसाबले पनि सकारात्मक सन्देश जान्छ।'

**५२ प्रकारका सामग्रीको व्यवस्थापन**

निर्वाचन कार्यालयका अनुसार एक मतदान केन्द्रमा कम्तीमा ५२ प्रकारका सामग्री आवश्यक पर्छन्। ती सामग्रीलाई केन्द्रअनुसार छुट्टाछुट्टै प्याकेजिङ गरी सूचीबद्ध रूपमा तयार पारिँदैछ। प्रत्यक्षतर्फ ४३ लिटर र समानुपातिक-तर्फ ८५ लिटर क्षमताका दुई मतपेटिका प्रत्येक मतदान केन्द्रमा पठाइने छन् भने एक जगेडासहित तीनवटा मतपेटिका व्यवस्था गरिएको छ।

यसका अतिरिक्त मतपत्र, मतदाता नामावली, छाप, स्ट्याम्प प्याड, रजिस्टर, फाराम, गोपनीयता पर्दा, सुरक्षा सिल, ट्याग, मसी, स्टिकर, मतदानकक्ष सङ्केत बोर्ड, निर्देशन पुस्तिका-लगायत सामग्री क्रमशः तयारी अवस्थामा रहेको कार्यालयले जनाएको छ। मतदानको दिन कुनै सामग्री अभाव नहोस् भन्ने उद्देश्यले प्रत्येक केन्द्रका लागि आवश्यक सामग्रीको पुनः जाँच (क्रसचेक) गरिने व्यवस्था मिलाइएको छ।

**आचारसंहिता कार्यान्वयनमा कडाइ**

निर्वाचन आचारसंहिता पूर्णरूपमा कार्यान्वयन भइरहेको र हालसम्म कुनै गम्भीर उजुरी नआएको प्रदेश निर्वाचन अधिकारी ढकालले जानकारी दिए। निर्वाचन नजिकिँदै जाँदा राजनीतिक दल तथा उम्मेदवारहरूको प्रचारप्रसार, सार्वजनिक सभा-जुलुस, सामाजिक सञ्जाल प्रयोग, खर्च विवरण तथा अन्य गतिविधिमाथि विशेष निगरानी राखिएको उनले बताए।

'आचारसंहिता उल्लङ्घनसम्बन्धी सूचना प्राप्त भएमा तत्काल छानबिन गरी आवश्यक निर्देशन वा कारबाही गर्ने संयन्त्र सक्रिय अवस्थामा छ,' ढकालले भने, 'निष्पक्ष, स्वच्छ र मर्यादित निर्वाचन सम्पन्न गराउन आयोग पूर्ण प्रतिबद्ध छ।' प्रदेश निर्वाचन कार्यालयले जिल्लाका सबै स्थानीय तह, निर्वाचन फोकल पर्सन, प्रशासन तथा सुरक्षा निकायसँग दैनिक समन्वय बैठक गर्दै अनुगमनकार्य अघि बढाइरहेको जनाएको छ।

**३ हजारभन्दा बढी कर्मचारी**

मकवानपुरका १ सय ७६ मतदानस्थलअन्तर्गत ३ सय ७४ मतदान केन्द्रमा स्वयम्सेवकसहित तीन हजार ३ सय ६६ कर्मचारी परिचालन गरिने भएको छ। निर्वाचन अवधिभर दुई हजार २ सय ४४ कर्मचारी र एक हजार १२२ जना स्वयंसेवक खटिने प्रदेश निर्वाचन अधिकारी ढकालले जानकारी दिनुभयो।

प्रत्येक मतदान केन्द्रमा एक मतदान अधिकृत, एक सहायक मतदान अधिकृतसहित आयोगबाट छ जना कर्मचारी खटाइनेछन्। मतदानस्थलमा तीन जना स्वयंसेवक परिचालन गरिने व्यवस्था गरिएको छ। जनशक्ति व्यवस्थापनको कार्य अन्तिम चरणमा पुगेको र खटाइने कर्मचारीलाई आवश्यक तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन भइरहेको उनको भनाइ छ।

**४ हजारभन्दा बढी सुरक्षाकर्मी**

निर्वाचन शान्तिपूर्ण, सुरक्षित र भयरहित वातावरणमा सम्पन्न गराउन करिब चार हजार २०० सुरक्षाकर्मी परिचालन गरिने तयारी गरिएको छ। प्रमुख जिल्ला अधिकारी वसन्त अधिकारीका अनुसार नेपाली सेना, सशस्त्र प्रहरी बल, नेपाल प्रहरी (जनपथ) तथा करिब दुई हजार २ सय निर्वाचन प्रहरी परिचालन गरिनेछन्।

जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक श्यामबहादुर खत्रीले जनपथ प्रहरीको एकिन सङ्ख्या केही दिनमै टुङ्गो लाग्ने जानकारी दिनुभयो। सुरक्षा निकायले संवेदनशील क्षेत्रमा विशेष निगरानी, नियमित गस्ती तथा प्रचारप्रसार गतिविधिको अनुगमन गर्ने जनाएको छ।

**मतदानस्थलको वर्गीकरण**

जिल्लामा कुल १ सय ६७ मतदानस्थलमध्ये १९ अतिसंवेदनशील, ६० संवेदनशील र ८८ सामान्य श्रेणीमा वर्गीकरण गरिएको छ। अतिसंवेदनशील सूचीमा २६ मतदान केन्द्र परेका छन्। बकैया गाउँपालिकामा पाँच मतदानस्थल अतिसंवेदनशील छन् भने राक्सिराङ, बागमती, भीमफेदी, मनहरी र कैलाश गाउँपालिकाका केही स्थल छन्।

संयुक्त अनुगमन टोलीले मतदानस्थलको भौतिक अवस्था, पहुँचमार्ग, सञ्चार सम्पर्क, मतदानकक्ष व्यवस्थापन तथा सुरक्षा संवेदनशीलताको मूल्याङ्कन गरिसकेको छ। भीमफेदीको एक मतदानस्थलमा सडक पहुँच नभएकाले पैदलमार्ग प्रयोग गर्नुपर्ने अवस्था रहेको प्रमुख जिल्ला अधिकारीले बताए।

**३ लाखभन्दा बढी मतदाता**

दुई निर्वाचन क्षेत्र रहेको मकवानपुरमा तीन लाख १५ हजार ३ सय ३४ मतदाता छन्। निर्वाचन अधिकारी ढकालले मतदातालाई निर्धक्क र उत्साहपूर्वक मतदान प्रक्रियामा सहभागी हुन आग्रह गरे।

आयोगले स्वच्छ, निष्पक्ष र विश्वसनीय वातावरणमा निर्वाचन सम्पन्न गराउन सम्पूर्ण तयारी अन्तिम चरणमा पुगेको जनाएको छ। निर्वाचन मिति नजिकिँदै जाँदा मकवानपुरमा प्रशासनिक, प्राविधिक तथा सुरक्षा तयारी तीव्रगतिमा अघि बढिरहेको छ।

# खेलकुद महोत्सव पारदर्शी, व्यवस्थित र फरक देखाउने हाम्रो योजना छ



राजकुमार मुक्तान, अध्यक्ष, मकवानपुर जिल्ला खेलकुद विकास समिति

*राजकुमार मुक्तान, राजनीतिक चेत बोकेका, समाज परिवर्तनका लागि हिँडेका र द्वन्द्वका बेला नै परिवर्तनकामी संसार-का लागि शपथ खाएका योद्धा हुन्। पछिल्लो समय उनी व्यवसायका अलावा सामाजिक काममा पनि सरिक छन्। उनको परिचय राज्यले निर्माण गरेको संयन्त्र मकवानपुर जिल्ला खेलकुद विकास समिति अध्यक्ष हो। आफ्नो कार्यकालमा खेलक्षेत्र-लाई केन्द्र र जिल्लाको ग्रामीण भूगोलसम्म पुऱ्याउने उनको सपना छ। तर कतै बजेटले, कतै समाजले, कतै समय र कालपरि-स्थितिले साथ दिइ-रहेको छैन। भदौ २३ को जेन्जी आन्दोलनले मकवानपुर जिल्ला खेलकुद विकास समितिको संरचनामै प्रहार भयो। खेलकुदका सामग्री नष्ट पारिए। राज्यधनमा लगाइएको आगोको बेहिसाब क्षतिले मकवानपुरको खेलकुद नै पछि पर्ने हो। व्यक्ति त आउँछ, जान्छ। तर हेटौँडामा बढिरहेको यो विद्वेषको आगोको परिपूरण के हो त? मुक्तानले सोचे, महोत्सव। यसमा अझ कृषि, पर्यटन, उद्योग पनि जोड्दा सम्भावना देखे। यसैले उनी अहिले फागुन २५ गतेदेखि चैत १४ गतेसम्म 'दोस्रो वृहत् खेलकुद, कृषि तथा पर्यटन महोत्सव' गर्न जुटिरहेका छन्। हेटौँडा- १० टिसिएन चौरमा हुने महोत्सवको सन्दर्भमा उनका सोच, सपना, योजना र कार्यान्वयन-बारे गरिएको कुराकानीः*

**'दोस्रो वृहत् खेलकुद, कृषि तथा पर्यटन महोत्सव' भनिरहनु भएको छ, खेलकुदलाई मात्रै प्राथमिकतामा पार्न सकिन्न र ?**

महोत्सवमा विभिन्न विधाका खेलकुदकै कार्यक्रम हुने हो। राष्ट्रियस्तरका प्रतियोगिताहरु गरिएका छन्। खेलाडीहरुलाई सम्मान गरिनेछ। खेलकुद विकास समितिको संरचना पुनर्निर्माण र खेलसामग्री खरिद हाम्रो उद्देश्य हो। यसमा सहभागिता अलि बढोस् र हेटौँडामा भत्काइएका घरहरुमा व्यवसाय गर्ने प्रभावितहरुलाई पनि राहत होस् भनेर व्यावसायिक स्टल राख्ने योजना बनाएका हौँ। प्रदेश राजधानी भएकाले कृषि र पर्यटन जोड्न खोजेका हौँ।

**महोत्सव पहिला पनि घोषणा भयो, रोकियो, अहिले फेरि घोषणा भएको छ, सामाजिक सञ्जालमा केही टिप्पणी आएका छन्, के भन्नुहुन्छ ?**

महोत्सव मकवानपुर जिल्ला खेलकुद विकास समितिको नियमित कार्यक्रम हो। यसैले दोस्रो भनेका छौँ। यसअघिको कार्यसमितिले पहिलो महोत्सव गरिसकेको छ। यसैको निरन्तरता हो, यसपटक निर्वाचनको समय परेकाले निर्वाचन आचारसंहिता पालना गर्नुपरेकाले पहिलो मितिमा गर्न सकेनौँ र यसलाई गर्नैपर्छ भनेर अर्को मिति हेटौँडा उपमहानगर, स्थानीय प्रशासन, खेलप्रेमी समाज, समुदाय र नागरिक समाजको छलफलमा तोकेका हौँ। यसलाई व्यवस्थित, पारदर्शी, नमूना बनाउनु छ। हेटौँडामा अहिले-सम्म भएका महोत्सव र प्रतियोगिताबारे उठ्ने टिप्पणीहरु यसपटक महोत्सवन नहुँदै उठ्नु भनेको यो महोत्सव प्रश्नरहित र सबैले साथ दिने होस् है भन्ने शुभेच्छा हो भन्ने पो बुझेको छु।

**झण्डै एक करोड रुपैयाँ खर्च हुने महोत्सवको स्रोतको सुनिश्चितता के हो त ?**

४ सय स्टलबाट पनि केही आम्दानी हुने देखेका छौँ। महोत्सव भर्न आउनेहरुले खरिद गर्ने टिकट, मोटर-साइकल पार्किङबाट पनि केही स्रोत सुनिश्चितता हुन्छ। यस्तै, कलाकारहरु आउँदा केही बढी शुल्क लिने निर्णय भएको छ। यसले पनि हामीलाई राहत नै दिन्छ।

यो बाहेक प्रदेश सरकार, स्थानीय सरकारको ढोका पनि ढक्ढक्याइरहेका छौँ। यो क्रममा केही स्रोत जुट्ने सम्भावना छ। यो प्रदेशको राजधानी हो र हेटौँडाको खेलकुद अब्बल हुँदा राष्ट्रमा हेटौँडाको गौरव बढ्ने भएकाले विभिन्न कम्पनीहरुले पनि प्रायोजन गर्नसक्ने भएकाले हामी क्रियाशील छौँ। रकमै छैन भनेर झोक्राएर बसेर पनि खेलकुदको उन्नयन हुन-सक्दैन। अर्कातिर खेल क्षेत्रको विकासका लागि कसै न कसैले हिम्मत गर्नैपर्छ। हामीले पनि त्यही जोखिम मोलेका छौँ। सबैको साथ पाउनेमा आसावादी छौँ।

**मौसम तातिँदै जाने अवस्था छ, महोत्सवमा सहभागी जाडोमा जस्तै हुनसक्लान् र ?**

आममानिसको स्वभाव के हो भने, मेला, महोत्सव, जात्रामात्रा भनेपछि मौसम गौण देखिने गरेको छ। जाडो छ भनेर मान्छे देवघाट जान छाडेका छैनन्, मन परेका कलाकार आउँछन् भनेपछि मान्छे गाउँबाट उर्लने गरेका छन्। एकदिन महोत्सव गएर फ्रेस बन्न सकिन्छ भन्ने धेरैलाई परेको छ। यसैले जाडो या गर्मीले महोत्सव प्रभावित हुँदैन भन्ने हाम्रो मान्यता हो। सहभागिता बरु बढ्न सक्ने अनुमान छ। दिन लामो हुँदै गएको छ।

**महोत्सव सफल पार्न के अपिल गर्न चाहनुहुन्छ ?**

मकवानपुर जिल्ला खेलकुद विकास समितिको यो नियमित कार्यक्रम हो। यो महोत्सव सफल भए आगामी वर्षदेखि समितिले गर्ने महोत्सवमा कुनै बाधा हुनेछैन। यसका लागि हामीले आयव्यव पारदर्शी गर्नुपर्नेछ। समयसुहाउँदो खेल र खेलाडीको विकास र प्रवर्द्धनका योजना बनाउनु पर्छ। अनि कलाकारहरु ल्याउँदा समयले मागेकाहरु ल्याउनु पर्नेछ। महोत्सव पारदर्शी, व्यवस्थित र भव्य बनाउने हाम्रो ध्येय छ। हेटौँडामा भइरहने अनेक महोत्सवमा खेलकुदको महोत्सव अब्बल र नमूना बनाउन सक्यौँ भने आमप्रश्नहरुको उत्तर व्यक्तिपिच्छे दिइरहन जरुरी पनि हुने छैन। यसमा सबैको साथ र सहयोगको अपिल गर्दछु, यो भव्य बनाऔँ यसपटक। हिजो पनि यही समाजमा थिएँ, भोलि पनि यहीँ हुनेछु। प्रश्नहरुको उत्तर यही हुनेछ।

# भूमिअधिकार मञ्चद्वारा उम्मेदवार विष्टलाई लालपुर्जाबारे ध्यानाकर्षण

**बागीभूगोल संवाददाता**
**बागमती ।**

हेटौँडा उगमहानगरपालिका-११ स्थित मकवानपुर जिल्ला भूमि अधिकार मञ्चले नेकपाका मकवानपुर क्षेत्र नम्बर २ का प्रतिनिधि सभा सदस्य पदका उम्मेदवार लवशेर बिष्टलाई भूमिहीन दलित, भूमिहीन, सुकुम्बासी र अव्यवस्थित बसोबासीको समस्या समाधान नभएको भन्दै ध्यानाकर्षण पत्र बुझाएका छन्।



भूमि अधिकार मञ्चका सदस्य विकास तितुङले ध्यानाकर्षण पत्र बुझाए।

पुस्तौँदेखि जोतभोग गर्दै आएको जग्गा अहिलेसम्म नापी नगरेर समस्या खडा गर्दै हालसम्मका सरकारले गरि-बमाथि थिचोमिचो गर्दै आएकोले अब बन्ने सरकारले हेटौँडाबासीको समस्या समाधान गर्न पहल गरून् भनेर जिल्ला

मञ्चले बुझाएको भूमिसम्बन्धी ध्यानाकर्षणपत्र आत्मसात् गर्दै उम्मेदवार बिष्टले आफूले जितेर गएपछि सिमलटारलगायतका भूमिसम्बन्धी समस्यालाई पहिलो मुद्दाको रूपमा उठान गर्ने बताए। भूमि अधिकार मञ्चका नगर अध्यक्ष गोविन्द प्रसाद न्यौपानेको अध्यक्षतामा भएको कार्यक्रममा नेकपाका केन्द्रीय सदस्य कुमारी मोक्तान, किशोर बर्तौला प्रदेश सदस्य सागर बानियाँ, नेकपाका नेता कमलचन्द्र सुमन, विर बहादुर घलान (ज्वाला) लगायतका नेताहरुको आतिथ्यता थियो।

◆प्रकाशक: रश्मिला घिमिरे, बागीभूगोल मिडिया नेटवर्क, राक्सिराङ-३, मकवानपुर, बागमती प्रदेश, नेपाल ◆सम्पर्क फोन: ९७६३७७९१५२, ◆इमेल: bageebhoogol@jyarlak.com
◆वेबसाइट: www.jyarlak.com ◆कर्पोरेट कार्यालय: हेटौँडा-१०, मकवानपुर, फोन ९८५५०६८१६८ ◆इमेल: bageebhoogol@gmail.com, ◆सल्लाहकार: बनस्तम थिङ, टंक मुक्तान, रामकुमार एलन
◆मुद्रक: सप्तर्षि पब्लिकेशन, काठमाडौँ ◆निर्देशक: राजकुमार घिमिरे, ◆संवाददाता: राजु सुनार ◆सहसम्पादक: रुद्र तिमल्सिना ◆कार्यकारी सम्पादक: मदन जङ्ग गम्भीर ◆सम्पादक: सान्नानी श्रेष्ठ